# कल्याणपुर नगरपालिका

## नगरकार्यपालिकाको कार्यलय, कल्याणपुर सिरहा

## पोखरी ठेक्का बन्दोवस्ती सम्बन्धी सुचना

दोस्रो पटक सुचना प्रकाशित मिति :२०७९/०९/०८

यस कार्यालयको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित पोखरीहरुको आ.व. २०७९/०८० को माघ १ गते देखी आ.ब.२०८१/०८२.को पौष मसान्त (तिन वर्ष) सम्मको लागी ठेक्का वन्दोवस्ती शिलवन्दी दरभाउपत्रको माध्यमवाट गनुपर्ने भएकोले पोखरी ठेक्का लिन चाहने इच्छुक व्यक्ति, संघ संस्था, फर्म, कम्पनीले देहायका शर्तहरुको अधिनमा रही सुचना प्रकाशन भए मिति देखि मिति २०७९ पौष २२ गते भित्र शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

### पोखरीहरुको विवरण

| क.सं. | साविक गा.वि.स. | साविक वडा नं. | हालको वडा नं. | कि.नं. | क्षेत्रफल | न्युन्तम ठेक्का अंक |
|---|---|---|---|---|---|---|
| १ | करुन्याही | ९क | १० | ६८ | ०-१९-५ | ५०९४००।- |
| २ | करुन्याही | ५ | १० | १५८ | ०-१०-१० | ९९०००।- |
| ३ | कल्याणपुर | २ख | ११ | १०९ | ०-१६-४ | ८१०००००।- |
| ४ | कल्याणपुर | ५ | ११ | २८८ | ०-१५-१५ | ९००००००।- |
| ५ | चतरी | ४ | २ | २०१ | ०-१०-१४ | २७४५००।- |
| ६ | डुमरी | ४ | ९ | २२ | ०-१०-५ | ४००००००।- |
| ७ | विष्णुपुर प्र.रा. | ९क | ४ | २५ | ०-१६-० | ६३००००।- |
| ८ | विष्णुपुर प्र.रा. | ५ | ४ | जे.टी.जेड पोखरी | | ५४०००।- |
| ९ | विष्णुपरा प्र.रा | ६क | ४ | ४९५ | ०-१६-१ | ४५६३००।- |
| १० | वेलहा | ६क | १२ | २०२ | ३-१६-५.५ | २२५४९९९.५०।- |
| ११ | अर्नामा प्र.रा. | - | १ | मानिकचन पोखरी | | २८३५००।- |
| १२ | ईटारी प्रसाही | ७ | ३ | ४१७ | ०-४-५ | २८८००।- |

**शर्तहरु**

१. यो सुचना प्रकाशित भएको मिति देखि २०७९ पौष २२ गते सम्म कार्यालय समय भित्र इच्छुक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र निवेदन र संघ संस्था,फर्म,कम्पनीको हकमा म्याद रहेको दर्ता प्रमाणपत्र,मु.अ.कर प्रमाणपत्र र आ.व. २०७८/७९ को कर तिरेको रसिद र निवेदन सहित दस्तुर रु १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखावाट फारम खरिद गर्न सक्ने छ।

२. खरिद गरिएको फारम २०७९ पौष २३ गते दिनको १ वजेसम्म यस कार्यालयको राजस्व शाखामा आफुले ठेक्का लिनचाहेको पोखरीको सम्पूर्ण विवरण ( सुचनामा उल्लेख भए वमोजिम पोखरीको नाम, वडा नं. ,किता नं., क्षेत्रफल समेत फारममा र खामको वाहिरपटी ) अनिवार्य लेखी सम्पूर्ण विवरण भरी वैक जमानत भौचर समेत संलग्न राखी खाम शिलवन्दी गरी दर्ता गराउनुपर्ने छ। रित नपुगेका,म्याद नाघी आएको वा खाम वाहिर/निवेदनमा तोकिए वमोजिम स्पष्ट व्यहोरा उल्लेख नगरेको दरभाउपत्र दर्ता हुने छैन वा अस्वीकृत गरिने छ।

३. दर्ता भएको शिलवन्दी दरभाउपत्रहरु २०७९ पौष २३ गते दिनको ३ वजे यस कार्यालयमा शिलवन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएर्पानि खोल्न वाधा पर्ने छैन। शिलवन्दी दरभाउपत्रहरु खोलिने समय हेरफेर पनि हुन सक्ने छ। हेरफेर हुने भएमा कार्यालयको सुचना पाटीमा टाँस गरी जानकारी गराइने छ।

४.शर्त न.१,२ र ३ मा उल्लेख भए वमोजिम अन्तिम दिन विदा परे सो काय विदा पश्चात कार्यालय खुल्ने दिन सोही समयमा हुने छ।

५.न्युनतम ठेक्का अंकमा उल्लेखित रकम पोखरीको न्युनतम ठेक्का अंक भएकोले दरभाउपत्रदाताले कवोल गर्दा सो रकम भन्दा कम हुने गरी कवोल गर्न पाइने छैन। आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतले हुने आउने रकम धरौटी स्वरुप यस कार्यालयका नाममा माछापुच्छे वैंक, कल्याणपुरमा संचालनमा रहेको धरौटी हिसाव नं.०८१०११०८१८५०००४२ मा जम्मा गरेको सक्कलै भौचर समेत शर्त न २ वमोजिम पेश गर्नुपर्नेछ।

६ दोस्रो र तेश्रो (अन्तिम) किस्ताको लागि धनजमानी (जग्गा धितो) राख्नुपर्ने छ।

७ स्वीकृत भएको दरभाउपत्र पेश गरको दरभाउपत्रदाताले आफुले कवोल गरेको रकमको प्रथम किस्ता सम्झौता हुनुपुर्व, दोश्रो किस्ता २०८० मंसिर मसान्त सम्ममा र तेश्रो किस्ता २०८१ मंसिर मसान्त सम्ममा यस कार्यालयमा दाखिला गर्नुपर्ने वा यस कार्यालयको नाममा माछापुच्छे वैंक कल्याणपुरमा संचालनमा रहेको आन्तरिक राजश्व खाता नं.०८१०११०८१८४०००७६ मा रकम दाखिला गरेको सक्कलै भौचर सम्झौता हुनुपुर्व पेश गर्नुपर्ने छ। कार्यालयले दिईएको म्याद भित्र रकम दाखिला हुन नसकेमा सो पछिको दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरी ठेक्का वन्दोवस्ती गरिने छ। १० प्रतिशत जमानत रकम अन्तिम किस्तामा मिनहा गरिने छ।

८. ठेक्का रकम बाँकी रहेको व्यक्ति र निजको तिन पुस्ते भित्रको एकासगोलको नातेदानको ठेक्का सदर हुने छैन।

९.यो सुचना कुनै कारणवश संशोधन गर्नुपरेमा वा केही कुरा थपघट गर्नुपरेमा सो सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

१०.यस सम्वन्धमा थप कुरा बुझ्नु परेमा यस कार्यालयको टेलिफोन नं. ०३३-४०३०६३ मा सम्पर्क गरी बुझ्न सकिने छ।

११.अन्य कुरा प्रचलित कानुन वमोजिम हुने छ।

**कल्याणपुर नगरपालिका**

नगरकार्यपालिकाको कार्यलय, कल्याणपुर सिरहा